
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सलोन बस्नेतको अभिनय र निर्माण रहेको फिल्म 'रंगी' को ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा बाबु र छोरीको प्रेम, कमेडी र पीडालाई देखाइएको छ । साम्भी इन्टरटेनमेन्ट प्रालिको व्यानरमा निर्माण भएको फिल्म फागुन २ गतेदेखि प्रदर्शन हुँदैछ । सलोनको विवाह अनि छोरीको जन्मबाट सुरुवात ट्रेलरमा छोरी आयुषी ढकालका लागि बाबु सलोन बस्नेतको प्रेम, संघर्ष देखाइएको छ । ट्रेलरमा 'डेब्यू' नायिका नम्रता श्रेष्ठ र आयुषीको मित्रता, सलोन, नम्रता र आयुषीको नोकझोकलाई पनि देखाइएको छ ।

आजको विचार...



विश्व...
(दुई पेजमा)

सुषमा तामाङ

टेलिभिजनबाट ठूलो पर्दामा होमिएका चर्चित कलाकार सागर लम्साल 'बले'लाई यतिबेला भाग्यले साथ दिइरहेको छ । गतसाता उनले 'डल्लेले इन्ट्री मार्‍यो'मा ३५ लाख रुपैयाँ पारिश्रमिक लिएर साइन गरेको कुरा बाहिर आयो । उनको महत्वपूर्ण भूमिका रहेको कथानक फिल्म 'लाज शरणम' शिवरात्रीदेखि रिलिज हुँदैछ । यस्तोमा, बलेलाई लिएर नयाँ खबर छ । उनी चाँडै बुवा बन्दैछन् । असार ३० गते उनले झापाकी स्नेहा दंगालसँग लगनगाँठो कसेर सबैलाई सरप्राइज दिएका थिए ।



❐ वर्ष ३० ❐ अंक १८९ ❐ २०८१ माघ १९ गते शनिबार 1 February 2025, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### तीन इजरायली बन्धक रिहा हुँदै

रासस/एएफपी

**जेरुसेलम,** माघ १८/इजरायल र प्यालेस्टिनी इस्लामी लडाकू समूह (हमास) बीच भएको गाजा युद्धविराम सम्झौता अनुसार चौथो बन्धक-कैदी आदानप्रदान आज (शनिबार) हुनेभएको छ । रिहा गरिने इजरायली बन्धकको सूची प्राप्त भएको इजरायली प्रधानमन्त्रीको कार्यालयले जनाएको छ । 'इजरायलले आज हमासको कब्जाबाट मुक्त हुने अपेक्षा गरिएका बन्धकहरूको सूची प्राप्त गरेको छ ।

सूचीको पुनरावलोकन र परिवारलाई अद्यावधिक गरेपछि विस्तृत प्रतिक्रिया दिइनेछ,' प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयद्वारा शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ । यो समाचार तयार पार्दासम्म रिहा हुने बन्धकको नाम सरकारले औपचारिक रूपमा सार्वजनिक गरिसकेको छैन । विज्ञप्तिमा अगाडि भनिएको छ, 'सबै बन्धक परिवारलाई आईडीएफ (सैन्य) सम्पर्क अधिकारीहरूले अपहरितहरूको नामसहित अद्यावधिक गरेका छन् ।' आज सार्वजनिक हुने सबै जीवित इजरायली पुरूष बन्धक रहेको पनि बताइएको छ । गत जनवरी १९ देखि युद्धविराम लागू भएयता प्यालेस्टाइनी लडाकुले अहिलेसम्म १५ जना बन्धकलाई मुक्त गरिसकेका छन् भने बदलामा इजरायलले २९० प्यालेस्टिनी कैदीलाई रिहा गरेको छ ।

## कफीले बदलेको पहिचान

# रामपुरको कफी विदेशमा निर्यात

रासस

**रामपुर (पाल्पा),** माघ १८/झोलामा कफी बोकेर गाउँ-गाउँमा बिक्रीका लागि पुग्दा धेरैको हाँसो मजाकको पात्र बने, काम नपाएर कफी बेच्न गाउँ डुले जस्तो व्यवहार मैले भोग्नुपर्‍यो, तैपनि हिम्मत भने आफूमा राखिरहे, कफीको प्रवर्द्धनका लागि गाउँ धाइरहन्थे । अहिले भने परिस्थिति बदलिएको छ, कफी खरिद गर्न घरमै ग्राहक आउन्छन् । यो अनुभव युवा प्रेमबहादुर सिंह ठकुरीको हो । उनी पाल्पाको रामपुर नगरपालिका-५ भम्बक निवासी हुन् । उनले कफी व्यवसायमार्फत आृनो पहिचान बदलेका छन् । पाँच वर्षअघि उनलाई कफी व्यवसायबाट समाजमा चिनिन्छु भन्ने लाग्दैनथ्यो । हाल उनको पहिचान प्रेमबहादुर नभई कफी व्यवसायी तथा धेरैका कफी दाइका नामले परिचित छन् । उनलाई जीवनमा सोच्दै नसोचेको पहिचान प्राप्त भएको छ । नेपालका गाउँघर, सहर, बजारमा मात्र नभइ विदेशी भूमिमा कफी निर्यात हुन थालेपछि व्यवसायलाई दीर्घकालीन रूपमा टिकाउनुपर्छ र यसमै निरन्तरता दिएर काम गर्नुपर्छ भन्ने अठोट उनमा बढेको छ । ठकुरीले 'अर्गानिक चिया तथा कफी' को नामबाट




व्यवसाय दर्ता गरी आफ्नै घरमा प्रशोधन मेसिन जडान गरी सञ्चालन गरिरहेका छन् । हाल प्रेमबहादुरले जापान, कोरिया, जर्मन, युएई, माल्टालगायत देशमा कफी निर्यात गर्दै आएका छन् । उनका अनुसार विदेशमा ट्राभल गर्ने साथीको सहायताबाट यहाँको कफी बाहिर पठाउने कार्य भइरहेको छ । काठमाडौँ, पोखरा, बुटवल, तानसेनलगायत बजारमा खपत हुने गरेको छ । यसवर्ष कोरिया, जापान, जर्मन, माल्टा, युएईमा पटक-पटक गरेर करिब एक सय किलो कफी खपत गरेको उनले जानकारी दिए । गतवर्ष सोही परिमाणको हाराहारीमा खपत भएको थियो । 'घरमा लगाएको कफी उत्पादन भयो, त्यसलाई प्रशोधन गर्न थाले, प्रशोधित कफी अब कहाँ बिक्री गर्ने, यसबारेमा अन्यौलमा थिए, स्थानीयको घरदैलोमा पुग्दा त्यस समयमा धेरैले खिसिट्युरी गर्थे, कहाँ लगेर बिक्री गर्ने, कसैले चिन्दैनथे, दोधारमा परे,' प्रेमबहादुरले आफ्नो अनुभव सुनाउँदै भने, 'निरन्तरको अथक मेहनत र शरीर थाके पनि हिम्मतलाई थाक्न दिइन, जसको घर-घरमा हिजो गाउँमा कफी बेच्न पुगे, आज उनीहरू नै मेरै घरमा खरिद गर्न आउन्छन् ।' उत्पादित वस्तु राम्रो भयो भने समय ढिला होला तर एक दिन अवश्य बजार पाउँदो रहेछ भन्ने प्रेमबहादुरको अनुभव छ । ग्राहक तथा व्यापारीलाई बुझाउन सकियो भने विस्तारै व्यापार राम्रो हुने गरेको उनले बताए । ठकुरीले आफैँले कफी उत्पादन, खरिद र प्रशोधन गरेर बजारमा पठाउन्छन् । उनले खाद्य तथा गुण नियन्त्रण कार्यालय भैरहवामा ल्याव टेष्ट गरेर प्रमाणित भएपछि बजारीकरण थालेका हुन् । चिया कफी विकास बोर्डले तोकेको मूल्यअनुसार बजारमा बिक्री हुन्छ । स्याङ्जाको चापाकोट नगरपालिका-४ लग्दामा करिब आठ वर्षअघि पाँच रोपनीमा जग्गाबाट कफी खेती सुरू गरेका प्रेमबहादुरले दुई वर्षअघि चापाकोट-७ पटसारमा करिब ३५ रोपनीमा कफी विस्तार गरेका छन् । विसं २०७८ देखि कफी प्रशोधनको व्यवसाय सुरू गरेका उनको व्यवसायमा करिब २५ लाख बराबरको लगानी परेको छ । उनले विरूवा उत्पादन गर्ने, गाउँघरमा किसानलाई कफी लगाउन प्रेरणा दिने, स्थानीयलाई कफीका बिरूवा उपलब्ध गराउँदै आएका छन् । आउँदो असार-साउनमा करिब १६ हजार बिरूवा लगाउने प्रेमबहादुरको तयारी छ । प्रशोधित कफीको तुलनामा बिरूवा बिक्रीबाट राम्रो फाइदा हुने उनको अनुभव छ । एक वर्षमा हाल पाँच क्वीन्टल आफ्नै उत्पादन र १३ क्वीन्टल स्थानीयबाट खरिद गरिरहेको उनी बताउन्छन् । वार्षिक रूपमा सरदरमा प्रशोधन गरिएको एक टन कफी बजारमा खपत हुन्छ ।

-...बाँकी अन्तिम पेजमा

## वायु प्रदुषणबाट बचौं र बचाऔं

- वायु प्रदुषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्ककाँ प्रयोग गरौं,
- सवारी साधनको सकेसम्म कम प्रयोग गरौं,
- रुख विरुवा रोपौं र हरियाली वढाऔं,
- दाउरा र कोइलाको सट्टा नविकरणीय उर्जाको प्रयोग गरौं,
- सडक र निर्माणस्थलवाट निस्कने धुलो व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परिक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आज तिलकुन्द चौथी व्रत

**पाल्पा,** माघ १८/आज तिलकुन्द चौथी व्रत पवित्र तिल र कुन्द भगवानलाई चढाएर मनाइँदै छ । हरेक वर्ष माघ शुक्ल पक्षका दिन यस चौथीलाई गणेश जयन्तीका, विनायक चौथी वा वरद चौथीका रूपमा समेत मनाउने गरिन्छ ।

आजको तिथिमा विवेक र ज्ञानका स्वामी भगवान् गणेशको जन्म भएको मानिन्छ । तिल कुन्द चौथी भगवान् गणेशप्रति समर्पण गरिएको हुन्छ । पवित्र तिल र कुन्द अर्थात् गणेशको प्रिय चमेलीको फुल, आजका दिन तिल र चमेली फुलको सुगन्ध भएका परिकारहरू भगवानलाई अर्पण गर्ने चलन हुन्छ । यस दिन व्रत बस्ने र साँझमा गणेश र चन्द्रमाको पूजा गर्ने चलन छ । घरको उत्तर पूर्व दिशाको कुनामा पूजा आसन राख्ने र नरिवलको तेलमा दियो बालेर पूजा गर्ने, आरती गर्ने र ॐ गं गणेश्वराय विघ्ननायकाय नमः।। मन्त्रलाई १ सय ८ पटक जप




गर्ने चलन छ । गणेशलाई प्रिय वस्तुका रूपमा तिलको मिठाइलाई लिइन्छ । आजका दिन गणेशलाई तिल कुट नाम गरेको तिलको लड्डु चढाउने चलन छ । दुख् कष्ट निवारण गर्दे बाधा अड्चनहरूलाई हटाउन आजको दिनको पूजाको विशेष भूमिका रहने बताइन्छ । शास्त्रमा वर्णित छ कि बाधा हटाउने भगवान् श्री गणेशको नियमित पूजा गर्ने सबैको दु:खको अन्त्य हुन्छ । मंगलमूर्ति र पहिलो पूजा गरिने भगवान् श्री गणेशलाई 'संकथरण' पनि भनिन्छ । तिलकुन्द चौथी को दिन व्रत बसेर भगवान् श्री गणेशको पूजा-आराधना गर्नाले सुख-समृद्धि, ऐश्वर्य-वैभव र आन्तरिक शान्ति प्राप्त हुन्छ । यति मात्र होइन, व्यापारमा सदैव समृद्धि र घरमा सुख समृद्धि रहन्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

## सम्पादकीय

# अन्ततः हिउँदे अधिवेशन

प्रतिपक्षको चौतर्फी दवावपछि अन्ततः हिउँदे अधिवेशन शुक्रबारदेखि सुरु भएको छ । गत ३१ भदौमा बजेट अधिवेशन अन्त्य गरेको सरकारले चर्को आलोचनापछि मात्र संसद अधिवेशन सुरु गरेको हो । संसद्रुमा रहेका विपक्षी सात दलले संघीय संसद्को नियमित हिउँदे अधिवेशन नबोलाएर गम्भीर प्रकृतिका कानुनहरू अध्यादेशमार्फत् जारी गर्ने सरकारको कामप्रति आपत्ति जनाउँदै तत्काल हिउँदे अधिवेशन बोलाउन माग गरेका थिए । अधिवेशन सुरु भएसँगै राजनीतिक पार्टीहरूमा खुशीको सञ्चार गराएको छ । किनकि सरकारले विभिन्न बाहनामा अधिवेशन नै नबोलाई टार्ने पो हो कि भन्ने शंसयले प्रतिपक्षमा भएका दलहरूमा बेचैनी र छट्पटी पैदा भएको थियो ।

प्रतिपक्षी दलहरूले सरकारको यस्तो बेवास्ताको विरोध गर्दै यथाशीघ्र संसदको बैठकको आह्वान गर्नका लागि दबाब दिँदै आएका थिए । अन्ततः अधिवेशन सुरु हुनुले खुसीको सञ्चार गर्नु स्वभाविक हो । तर सरकारले यस अघि संसद अधिवेशन नबोलाएर अध्यादेशबाट सरकार चलाउन लागेको विषयले भने संसद बैठक सुरु भए पनि सहज नहुने संकेत प्रष्ट भइसकेको छ । विपक्षी दलहरूले एकस्वरमा अध्यादेशप्रति विमति जनाएका छन् । त्यसैले संसद बैठकहरू आरोप-प्रत्यारोपमै व्यतित हुने देखिन्छ । यहाँ प्रतिपक्षी र सत्तारुढ दलहरू दुबै पक्षले बुझ्नुपर्ने महत्वपूर्ण कुरा के हो भने संसद् जे कामका लागि हो अब त्यहाँ भित्र त्यही काम मात्र हुनुपर्छ । यो जनताको माग हो । संसद् सांसदहरूको रत्यौली खेल्ने थलो होइन । त्यसैले त्यहाँभित्र यस्ता चर्तिकला हुनुहुँदैन । यो मर्यादित र शालीन शैलीले सञ्चालन हुन सक्नुपर्छ । त्यो सांसदहरूमै निर्भर रहने कुरा हो । सांसदको काम के हो र संसद्मा के काम हुनुपर्छ त्यो कुरा सांसदहरूले बुझ्न आवश्यक छ । संसद् कानुन बनाउनका लागि हो र त्यहाँबाट खुरुखुरु कानुनहरू बनाइनुपर्छ । पहिलेदेखि थन्किएर बसेका ती विधयकहरू पारित गर्ने काम उनीहरुबाट हुनुपर्छ । तसर्थ यसपटकको अधिवेशनलाई सकेसम्म बढी प्रभावकारी बनाउनेतर्फ नेतृत्वको ध्यान दिन जरूरी छ ।

## Opinion @ Social Network

ठेस नलागि कहाँ थाहा हुन्छ र बाटोमा ढुंगा थियो कि फुल भनेर
*(केशव नेपालको फेसबुक स्टाटसबाट www.facebook.com//keshav.nepal.16)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विश्व परिप्रेक्ष्यमा महिला अधिकारको अवस्था



सुषमा तामाङ

**शिक्षिका गीता लामिछानेको अनुभवले यसबारे गहिरो झलक दिन्छ । गीता करिब २० वर्षदेखि शिक्षण पेसामा छन् तर व्यवस्थापनले सधैं उनलाई प्राथमिक तहमा मात्र राख्न खोज्यो । पर्याप्त योग्यता, अनुभव र क्षमताका बावजुद पनि गीता माध्यमिक तहका विद्यार्थीलाई शिक्षण गर्ने अवसरबाट वञ्चित भएकी छन् ।**

महिलाको अधिकारको स्थिति अहिले पनि विश्वव्यापी रूपमा नाजुक छ । विकसित राष्ट्रहरूदेखि विकासोन्मुख देशसम्म, महिलाले घर र कार्यस्थल दुवै स्थानमा विभेदको सामना गरिरहेका छन् । विकसित भनिने देशहरूमा समेत महिलाले समान अवसर, न्याय र पारिश्रमिक प्राप्त गर्न संघर्ष गरिरहेका छन् । विशेष गरी, अमेरिका, इराक, अफगानिस्तान जस्ता देशहरूमा देखिएका पछिल्ला कानुनी व्यवस्थाहरूले महिला अधिकारलाई गम्भीर चुनौती दिएका छन् । अमेरिकामा गर्भपतनसम्बन्धी अधिकारलाई निरन्तर चुनौती दिइँदै आएको छ भने अफगानिस्तानमा तालिबान शासनले महिलाहरूलाई शिक्षा र स्वतन्त्रताको पहुँचबाट वञ्चित गरिरहेको छ । यसले देखाउँछ कि महिलाको अधिकार कुनै निश्चित राष्ट्रको समस्या मात्र होइन, यो सम्पूर्ण मानव जातिको सामूहिक चुनौती हो । महिलाको समानता र अधिकारका लागि बनाइएका धेरै अन्तर्राष्ट्रिय सन्धिहरू र नियमहरू भए पनि तिनको कार्यान्वयनमा कमी देखिन्छ । विकसित देशहरूले महिलाका लागि केही कानुनी सुरक्षाहरूको प्रावधान गरेका छन् तर तिनीहरू पर्याप्त छैनन् । महिला अधिकारका पक्षमा बोल्ने अभियन्ताहरूलाई अझै पनि अपमानजनक र हिंसात्मक व्यवहारहरूको सामना गर्नुपर्छ । यस्तो वातावरणले महिलाको आर्थिक, सामाजिक र राजनीतिक जीवनमा गहिरो प्रभाव पार्छ ।

नेपालमा महिलाहरूका लागि नीति निर्माणमा समावेशीकरणको अभाव स्पष्ट रूपमा देखिन्छ । महिलाहरूले संसद्, प्रशासन र अन्य महत्वपूर्ण स्थानहरूमा प्रतिनिधित्व पाउन कठिनाइ भोगिरहेका छन् । सरकारी नीतिहरूले महिलाका आवश्यकता र योगदानलाई पर्याप्त रूपमा सम्बोधन गर्न सकेका छैनन् । यस्तै,सामाजिक रूपमा पनि महिलाहरूले धेरै अवरोधहरू सामना गर्नुपर्छ ।

**विकासोन्मुख देशहरूमा महिला अधिकारको अवस्था :** नेपालको परिप्रेक्ष्य नेपाल जस्तो विकासोन्मुख देशमा महिलाको अवस्था झन् चुनौतीपूर्ण छ । युएन बमेनका अनुसार, कानुनी प्रतिरक्षाको माध्यमबाट महिला र पुरुषबीचको असमानता अन्त्य गर्न झन्डै तीन शताब्दी लाग्न सक्छ । यसले नेपाल जस्ता देशहरूमा चुनौती अझ जटिल बनाएको छ । महिलाहरूले शिक्षा, स्वास्थ्य, रोजगार र पारिवारिक उत्तरदायित्वका क्षेत्रमा अन्यायपूर्ण व्यवहार भोग्नुपरेको छ । घरमा महिलालाई केवल परिवारको जिम्मेवारीमा सीमित राख्ने परिपाटीले उनीहरूको शारीरिक र मानसिक स्वास्थ्यमा गहिरो असर पारिरहेको छ । साथै, कार्यस्थलमा महिलाको मूल्यांकन लिंगका आधारमा गरिने प्रचलन अझै कायम छ । यो अवस्था शहरी क्षेत्रमा मात्र होइन, ग्रामीण क्षेत्रमा झन् गम्भीर देखिन्छ । महिलाले पुरुष सहकर्मीभन्दा बढी मिहिनेत गरे पनि उनीहरूको कामलाई समान मान्यता दिइँदैन । नेपालमा महिलाहरूका लागि नीति निर्माणमा समावेशीकरणको अभाव स्पष्ट रूपमा देखिन्छ । महिलाहरूले संसद्, प्रशासन र अन्य महत्वपूर्ण स्थानहरूमा प्रतिनिधित्व पाउन कठिनाइ भोगिरहेका छन् । सरकारी नीतिहरूले महिलाका आवश्यकता र योगदानलाई पर्याप्त रूपमा सम्बोधन गर्न सकेका छैनन् । यस्तै, सामाजिक रूपमा पनि महिलाहरूले धेरै अवरोधहरू सामना गर्नुपर्छ । ग्रामीण क्षेत्रहरूमा महिलाहरूलाई अझै पनि परम्परागत भूमिकामा सीमित गरिन्छ । छोरीहरूको शिक्षामा गरिएको लगानी प्राय: कम हुन्छ, जसका कारण उनीहरूका लागि आर्थिक र सामाजिक रूपमा सक्षम बन्ने अवसर घट्दछ । महिला उद्यमी बन्न चाहनेले पनि आर्थिक स्रोत र संस्थागत सहयोग पाउन कठिनाइ भोग्नुपर्छ ।

**माध्यमिक विद्यालयमा महिला शिक्षिकाको अवस्था :** नेपालमा माध्यमिक विद्यालयमा महिला शिक्षिकाको संख्या निकै कम छ । माध्यमिक स्तरका शिक्षणका लागि योग्य महिला शिक्षिकालाई व्यवस्थापनले प्राथमिक तहमा सीमित गर्ने प्रयासले यो समस्या झन् विकराल बनाएको छ । शिक्षिका गीता लामिछानेको अनुभवले यसबारे गहिरो झलक दिन्छ । गीता करिब २० वर्षदेखि शिक्षण पेसामा छन् तर व्यवस्थापनले सधैं उनलाई प्राथमिक तहमा मात्र राख्न खोज्यो । पर्याप्त योग्यता, अनुभव र क्षमताका बावजुद पनि गीता माध्यमिक तहका विद्यार्थीलाई शिक्षण गर्ने अवसरबाट वञ्चित भएकी छन् । उनी भन्छिन्, 'लिंगकै कारण माध्यमिक तहका विद्यार्थीहरूले मबाट सिक्न पाउने अवसर गुमाए । यो केवल मप्रति अन्याय मात्र होइन, विद्यार्थीहरूको शिक्षामा पनि क्षति हो ।'

**माध्यमिक विद्यालयका व्यवस्थापन समिति र निर्णयकर्ता प्राय :** पुरुष नै हुने भएकाले महिलाहरूको पक्षमा निर्णय लिने सम्भावना कम हुन्छ । यस्तो अवस्थामा महिला शिक्षिकाहरूको पेशागत विकास रोकिन्छ, जसले दीर्घकालीन रूपमा शिक्षाको गुणस्तरमा नकारात्मक असर पार्छ । साथैमहिला शिक्षिकाहरूले विद्यार्थीहरूसँग राम्रो सम्बन्ध बनाउन र उनीहरूको मानसिक स्वास्थ्यलाई सुधार गर्न महत्ववपूर्ण भूमिका खेल्छन् । यद्यपि, व्यवस्थापनले यी पक्षहरूलाई मूल्यांकन गर्दैन । यसले केवल महिलाहरूलाई होइन सम्पूर्ण शिक्षण प्रणालीलाई नै असर पार्छ ।

**शिक्षिका गीता र शिलाको संघर्ष :** गीता लामिछानेले शिक्षण पेसाामा धेरै चुनौतीहरू सामना गरिन् । सहकर्मीहरू र व्यवस्थापनले समानता र महिला अधिकारको कुरा गर्थे तर व्यवहारमा ती कुरा देखिँदैनथ्यो । गीता प्राय: लिंगका आधारमा भेदभावको शिकार हुन्थिन् । समान योग्यता हुँदाहुँदै पनि पुरुष सहकर्मीहरूले उच्च पद र अवसरहरू प्राप्त गर्दा, गीता जस्ता महिलाहरूलाई पृष्ठभूमिमा राखिन्थ्यो । शिलाको अवस्था पनि यस्तै थियो । शिलासँग दुईवटा डिग्री र उत्कृष्ट अनुभव हुँदाहुँदै पनि व्यवस्थापनले उनलाई नजरअन्दाज गऱ्यो । राम नामका पुरुष सहकर्मीलाई जसको योग्यता र कार्यशैली औसत मात्र थियो उच्च पदमा बढुवा गरियो । शिलाले गुनासो गर्दा, उनलाई व्यवस्थापनले गम्भीरतापूर्वक लिँदैनथ्यो । यस्तो भेदभावको कारणले शिलाजस्ता महिलाहरू आफ्नो योग्यताको सही मूल्यांकन पाउनबाट वञ्चित भइरहेका छन् । शिलाले भनेकी थिइन्, 'मैले आफ्नो कामप्रतिको लगनशीलता र मेहनतबाट व्यवस्थापनलाई प्रभावित पार्न धेरै प्रयास गरेँ तर लिङ्कको कारणले मेरा प्रयासहरूलाई कहिल्यै उचित सम्मान दिइएन । शिलाको यो अनुभवले महिलाले काम गर्ने स्थानमा अझै पनि सामना गर्नुपरेका गहिरा भेदभावहरू उजागर गर्दछ ।

गीता र शिला जस्ता महिलाहरूले व्यक्त गरेका यी घटनाहरू केवल व्यक्तिगत अनुभव मात्र होइनन् यी उदाहरणले नेपालको महिला अधिकारको स्थितिलाई चित्रण गर्छ । यी घटनाहरूले देखाउँछन् कि महिलाहरूका लागि शिक्षा, रोजगार, र अवसरहरूको पहुँच अझै पनि सीमित छ ।

**कार्यस्थल र घरमा महिलाको दोहोरो संघर्ष :** महिलाले कार्यस्थलमा मात्र होइन, घरमा पनि दोहोरो संघर्ष व्यहोर्नुपर्छ । बाहिरको काम पूरा गरेर फर्कने महिलालाई घरभित्रका काम, सरसफाइ, बच्चाको हेरचाह र परिवारको सेवामा जुट्नुपर्ने दबाब हुन्छ । पुरुषको तुलनामा महिलाको जिम्मेवारी धेरै भए पनि ती जिम्मेवारीको मूल्यांकन हुँदैन । यो भेदभाव महिलाको शारीरिक र मानसिक स्वास्थ्यमा नकारात्मक असर पुऱ्याइरहेको छ । घरभित्रको विभेदले महिलाको जीवनको हरेक पक्षमा असर पुऱ्याउँछ । विशेष गरी ग्रामीण क्षेत्रका महिलाहरूले खेतीपाती, पशुपालन जस्ता कामहरू पनि गर्नुपर्छ । महिला अधिकारको मुद्दा केवल महिलाहरूको मात्र होइन यो समाजको समग्र विकाससँग जोडिएको विषय हो । माध्यमिक विद्यालय जस्ता क्षेत्रमा महिला शिक्षिकाहरूलाई पर्याप्त अवसर प्रदान गर्न सकेका खण्डमा मात्र उनीहरूको पेसागत विकास हुन्छ र विद्यार्थीहरूलाई पनि गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ । यस्ता कामले उनीहरूको समय, ऊर्जा र स्वास्थ्यमा गहिरो प्रभाव पार्छ तर यस्तो मिहिनेतको कुनै सामाजिक वा आर्थिक मान्यता हुँदैन । अझ शहरी क्षेत्रमा पनि महिलाहरूले घर र बाहिरको जिम्मेवारी सन्तुलन गर्न कठिनाइ भोग्छन् । जागिरे महिलाहरूलाई सामाजिक दबाबले उनीहरूको व्यावसायिक जीवनलाई पनि प्रभावित पार्छ । जबसम्म परिवारका सदस्यहरूले समान रूपमा जिम्मेवारी बाँड्ने अभ्यास सुरु गर्दैनन् त्यस बेलासम्म महिलाको जीवनमा सुधार आउन कठिन हुन्छ ।

**समाजको सोचमा परिवर्तनको आवश्यकता :** गीता र शिला जस्ता महिलाहरूले आफ्नो ठाउँ बनाउन संघर्ष गरिरहँदा यो स्पष्ट छ कि समस्या केवल व्यवस्थापनको मात्र होइन सम्पूर्ण समाजको सोचको हो । महिलाको क्षमता र मेहनतको उचित मूल्यांकन गर्नका लागि समाजको सोच र व्यवहारमा आमूल परिवर्तन आवश्यक छ । शिक्षण जस्तो पेशामा पनि महिलाले सामना गर्नुपरेका यी चुनौतीहरू समाधान नभएसम्म समानताको वातावरण निर्माण हुन सक्दैन । समाजको सोच परिवर्तनका लागि शिक्षा प्रणालीमा पनि परिवर्तन आवश्यक छ । पाठ्यक्रममा लैंगिक समानताको विषयलाई प्राथमिकता दिनुपर्छ । महिला शिक्षिकाहरूलाई नेतृत्वदायी भूमिका दिनका लागि विशेष अवसर र कार्यक्रमको विकास गर्नुपर्छ । महिला सशक्तिकरणका लागि आर्थिक र प्राविधिक सहयोगका कार्यक्रम पनि महत्वपूर्ण हुन्छन् । महिलाहरूलाई उद्यमशीलतामा प्रेरित गर्न, तिनीहरूको सीप अभिवृद्धिका लागि तालिम प्रदान गर्न र आर्थिक स्वतन्त्रता दिलाउन सरकारी तथा गैरसरकारी क्षेत्रको पहल आवश्यक छ ।

**निष्कर्ष :** महिला अधिकारको मुद्दा केवल महिलाहरूको मात्र होइन यो समाजको समग्र विकाससँग जोडिएको विषय हो । माध्यमिक विद्यालय जस्ता क्षेत्रमा महिला शिक्षिकाहरूलाई पर्याप्त अवसर प्रदान गर्न सकेका खण्डमा मात्र उनीहरूको पेसागत विकास हुन्छ र विद्यार्थीहरूलाई पनि गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ । गीता र शिला जस्ता महिलाहरूको संघर्षले समाजमा स्थायी परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेल्छ । महिलाले घर र कार्यस्थलमा समानता, न्याय र सम्मान पाउने दिनका लागि समाजको सोच र व्यवहारमा परिवर्तन अपरिहार्य छ । कानुनी प्रावधानहरू पर्याप्त छैन । हरेक व्यक्तिको दृष्टिकोणमा परिवर्तन आएको खण्डमा मात्र महिलाको अधिकारको रक्षा सम्भव हुनेछ । महिलाको संघर्षलाई सम्मान गर्न र समानताको आदर्श स्थापना गर्न हामी प्रत्येकले भूमिका निर्वाह गर्नुपर्छ । आजैबाट सोच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याएर महिलाका लागि सुरक्षित र न्यायपूर्ण समाज निर्माण गर्न सकिन्छ ।

**-हिमालय टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रेटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६११५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ निर्णय लिनुभन्दा अघि शुभचिन्तकहरुको सल्लाह लिनुहोला। | **तुला** : शत्रुहरू परास्त हुनेछन् । व्यापार व्यवसायमा सन्तानको सहयोग मिल्नेछ। |
| **वृष** : व्यापार गर्दा लेनदेनमा पारदर्शिता राख्नुहोस् नभए विवाद उत्पन्न हुनसक्ला। | **वृश्चिक** : कार्यक्षेत्रमा समस्याहरूलाई धैर्य पूर्वक सुल्झाउने प्रयास गर्नुहोला । |
| **मिथुन** : पारिवारिक आवश्यकता पूरा गर्नको लागि धन खर्चका योग छन्। | **धनु** : वृद्धि हुनाले् कार्यक्षेत्रमा समयमा कार्य सम्पादन हुनेछ । |
| **कर्कट** : पेशामा लिएको जिम्मेवारीलाई निभाउने प्रयास गर्नुहोला। | **मकर** : आकस्मिक नयाँ कार्य आउनाले हुँदै गरेको कार्यमा बाधा आउनेछ। |
| **सिंह** : पुरानो कुरालाई लिएर घरमा वादविवाद हुन सक्ला सावधान रहनुहोस्। | **कुम्भ** : साहित्य वा कलाको क्षेत्रमा मान सम्मान बढ्नेछ । |
| **कन्या** : व्यापार व्यवसायमा सोचेजस्तो सफलता नमिल्ला सक्छ । | **मीन** : नयाँ कार्य थाल्नुभन्दा अघि कामलाई नै निरन्तरता दिनु पर्ने छ । |

# साहित्य दर्पण

## छल-कपटका दाउ-पेच : कणिक-नीति



समस्त राजकुमारहरूको शिक्षा सम्पन्न भइसकेपछि, रंगशालामा शस्त्रास्त्र-विद्याको कला-कौशल प्रदर्शन-समारोह सम्पन्न भएको पनि एक वर्षपछि महाराज धृतराष्ट्रले धृति, स्थिरता, दयालुता, सरलता एवम् अविचल सौहार्द आदि सद्गुणहरूले समन्वित बुझेर, समस्त प्रजा-पालनका समग्र योग्यताले सम्पन्न भएका हुँदा ज्येष्ठ पाण्डव युधिष्ठिरलाई युवराज-पदमा अभिषिक्त गरिदिए ।

केही दिनमा नै युवराज युधिष्ठिरले आफ्नो उत्तम शीलस्वभाव, सदाचार, सद्व्यवहार एवम् मनोयोगपूर्वक प्रजापालन प्रतिको तत्परता आदि गुणहरूले आफ्नै पिता महाराज पाण्डुको कीर्तिलाई पनि ढाकिदिए । उता मध्यमपाण्डव भीमसेनले गदाग्रज बलरामजीसँग प्रतिदिन खड्गयुद्ध, गदायुद्ध र रथयुद्धको तालीम प्राप्त गरेर आफ्नो बल र पराक्रमद्वारा प्रशस्त कीर्ति कमाए । यता वीराग्रणी अर्जुनले क्षुर, नाराच, भल्ल, विपाठ आदि ऋजु, वक्र र विशाल अस्त्र-सञ्चालनको कौशल हासिल गरेर सर्वातिशायी धनुर्धरका रूपमा ख्याति कमाइसकेका थिए । कनिष्ठ पाण्डवद्वय नकुल र सहदेव शस्त्रास्त्र शिक्षा प्राप्त गरेर विचित्रयुद्धमा प्रवीण अतिरथी बनिसकेका थिए । यसरी पाण्डुपुत्रहरूको पराक्रम र ख्याति दिनानुदिन उत्तरोत्तर वृद्धि हुन लागेको देखेर महाराज धृतराष्ट्र मनमनै व्याकुल हुन लागे, चिन्ता-सन्तान-वितानको चक्रमा जेलिन लागे । अनि उनले एक दिन राजनीति र अर्थशास्त्रका पण्डित मन्त्रीप्रवर कणिकलाई बोलाएर एकान्तमा भने :हे द्विजश्रेष्ठ, पाण्डवको दिनानुदिन समृद्ध हुँदै गएको समुन्नति र ख्यातिले मलाई पोलिरहेछ । यस अवस्थामा हे मन्त्रीप्रवर कणिक मलाई के सल्लाह दिनुहोस् भने- मैले यिनीहरूसँग सन्धि गर्नु ठीक हो कि विग्रह ? अनि ती कणिकले आफूलाई महाराजले यत्रो भरोसा र सम्मान गरेर सल्लाह माग्न लागेको बुझेर प्रसन्न हुँदै आफ्नो स्वभावानुसार राजनीति-सम्मत शत्रुविद्वेषी धारिला वचनहरू यसरी प्रस्तुत गर्न लागे : हे महाराज, म आफूले बुझेका यी राजनीतिका सूत्रहरू हजुरका सामू विन्ती बिसाउँदैछु । मेरा कुराहरू तीता-पीरा भए भने पनि मप्रति दोषदृष्टि नराख्नुहोला । राजाले सदा दण्डतत्पर रहनुपर्दछ, सदा पुरुषार्थ प्रकट गर्न तत्पर रहनुपर्दछ । आफ्नो दुर्बलता लुकाएर अर्काका दुर्बलतामाथि सदा दृष्टि राख्नुपर्दछ, शत्रुको कमजोरी देख्यो कि प्रहार गरिहाल्नुपर्दछ । शत्रुहरूको वध गर्नु नै सर्वोत्तम मानिन्छ । शत्रु कुनै विपदामा परेको छ भने ठीक तेसै बेला उसमाथि निर्दयतापूर्वक प्रहार गरोस् । जसरी थोरै आगाले पनि इन्धनको सहारा पाउनासाथ बिताइदिन सक्दछ तेसै गरी कमजोर भन्दा कमजोर शत्रुले पनि अलिकति कुनै साहारा पाउनासाथ खत्तम पार्नसक्दछ । आवश्यकता-अनुसार राजा कहिले अन्धो कहिले बहिरो पनि बनोस् । आफ्नो जोर नचल्ने रहेछ भने चूप लागेर बसोस्, धिक्कार निन्दा आदि सुने पनि नसुने जस्तो गरी बसोस्, आफ्नो धनुषलाई सिन्काजस्तो बनाओस् र शत्रुका दृष्टिमा दीन-हीन एवम् असमर्थ भएको अभिनय गरोस्, शिकारी सुते झैं थाहा नपाएजसरी रहोस् । अग्निहोत्र र यज्ञ गरेर, गेरुवा वस्त्र जटा र मृगचर्म धारण गरेर भए पनि पहिले लोकविश्वास आर्जन गरोस्, पछि अवसर आउनासाथ ब्वाँसाले जसरी शत्रुहरूमाथि जाइलागोस् र वध गरेरै छोडोस् । शौच, सदाचार आदिको पालनलाई अंकुशका रूपमा अर्थात् लोक-मानसबाट विश्वास तान्ने उपकरणका रूपमा प्रयोग गरोस् । जबसम्म समय बदलिएर आफ्नो अनुकूल हुँदैन तबसम्म शत्रुलाई आफ्ना काँधैमा बोक्नुपरे पनि बोकोस् तर जब अनुकूल समय आउँदछ अनि माटाको घडालाई जमीनमा बजारे जसरी बजारेर खतम पारोस् । शत्रुले जतिसुकै दीन वचन बोले तापनि जीवित नछोडोस् । दया नगरोस् । उसलाई मारी नै हालोस् । साम, दान, भेद अथवा दण्ड नीति प्रयोग गरेर भए पनि आफ्नो स्वार्थ सिद्ध गरोस्, शत्रुलाई ध्वस्त बनाएरै छाडोस् । एउटा वनमा बडो बुद्धिमान् र स्वार्थ-साधनमा कुशल स्याल बस्दथ्यो । उसका चार मित्र थिए : बाघ, मूसो, ब्वाँसो र न्याउरीमूसो । एक दिन ती सबैले वनमा एउटा फष्ट-पुष्ट हरिणलाई देखे । सबैको मुख रसायो - त्यो स्वादिलो शिकार देखेर । ती सबैले धेरै प्रयास गरे तर त्यसलाई पक्डिन सकेनन् । अन्तमा तिनले यस्तो सल्लाह गरे - स्यालले भन्यो : हेर साथी हो, हामीले धेरै प्रयास त गर्यौं तर त्यस मृगलाई शिकार गर्न सकेनौं । अब के उपाय गरौं भने, जब त्यो मृग सुतिरहेको हुन्छ तेसबेला मूसाले गएर खुसुक्क त्यसका दुवै खुर कुटुकुटु काटेर खाइदेओस् । अनि त्यो वेगले दौडन सक्नेछैन । तेसै बेला बाघले त्यसमाथि आक्रमण गरोस् । अनि त हामी सबै मिलेर भव्य भोज गरिहालुँला नि । हैन त ? त्यसो गरे कसो होला ? स्यालको कुरा सबैलाई मन पर्यो । तदनुसार मूसाले हरिणका खुट्टा काटेर कमजोर बनाइदियो । लडखडाउँदै कुदेको हरिणलाई बाघले सजिलै झम्टिहाल्यो र उसको इहलीला समाप्त गरिदियो । हरिणको शरीर निश्चेष्ट भएर लडिरहेको देखेर प्रसन्न हुँदै स्यालले भन्यो : साथीहरूको जय होस् । अब तपाईंहरू चाँडै नदीमा गएर स्नान-ध्यान गरेर स्वच्छ भएर आउनुहोस् अनि भोज शुरु गरौंला । यो हरिण त मैले पो मारेको हो त, मेरो बाहुबलको आश्रय लिएर त्यो बाघले आज भोक मार्ने भयो । तपाईंप्रतिको यो अपमानजनक कुरा सुनेर मलाई सारै नै ग्लानि भयो । बाघले भन्यो : ओहो, उसले त मेरो आँखै खोलिदियो । हो त नि, तेस्ता नाथे मूसाको बाहुबलको सहाराले मजस्ता बाघले शिकार गर्नु पनि धिक्कार नै हो । अब म जान्छु र आफ्नै पौरखले भोजन गर्छु । यति भनेर बाघ त्यहाँबाट बिदा भयो । त्यसपछि स्नान सकेर मूसो आइपुग्यो । स्यालले भन्यो : मूसा भाइ, तिम्रो कल्याण होस् । तर न्याउरीमूसा दाइले यहाँ आएर के भने, पहिले त्यो सुन : बाघले दाँत गाडेको हुँदा यो शिकार विषाक्त भइसकेको छ, म त यस्तो विषालु कुरा खान्न । अहिले बघिनीलाई लिएर यतै आउन लाग्दैछ । यति कुरा सुनेर ज्यान बचाउन भनेर ब्वाँसोले पनि कुलेलम ठोकेछ । अन्तमा आइपुग्यो न्याउरीमुसो । स्यालले भन्यो : ए न्याउरे, मैले आफ्ना बाहुबलले सबैलाई ठेगान लाइदिएँ । आइज, सक्छस् भने त पनि । न्याउरीमुसोले भन्यो : जब बाघ, ब्वाँसो र बुद्धिमान् मुसाको त केही लागेन भने, हे वीरशिरोमणि तिम्रा अगि मेरो के लाग्छ र ? भैगो यो शिकार तिमी नै खाऊ, म तिमीसँग लड्न सक्दिन । भनेर हार मानेर चूपचाप वन पस्यो । यसरी अन्त्यमा त्यो धूर्त-शिरोमणि स्यालले एक्लै त्यो भव्य शिकार हजम गर्यो । यो कथा सुनाएर अन्तमा कणिकले भने : हे महाराज, हो यस्तै आचरण गर्ने राजाले नै सदा सुख र समुन्नति प्राप्त गर्दछ । डरपोकेलाई डर देखाएर, शूरवीरलाई हात जोडेर आफनो वशमा पार्नुपर्दछ, लोभीलाई धन दिएर, आफूबराबर र आफूभन्दा कमजोरलाई पराक्रमले वशमा ल्याउनुपर्दछ । कसम खाएर, धन दिएर, विष खुवाएर अथवा धोका दिएर भए पनि शत्रुलाई वध गर्नुपर्दछ । यदि धेरै घमण्ड गर्दछ भने गुरु नै भए पनि पनि दण्ड दिनु नै उचित हुन्छ । अवसर-अनुसार हात जोड्नु, कसम खानु, आश्वासन दिनु, गोडामा ढोग्नु, आशाको पाशमा बाँध्नु, यी सबै काम ऐश्वर्य-प्राप्तिको इच्छा गर्ने राजाको कर्तव्य हो । नीतिज्ञ राजा यस्तो वृक्ष जस्तो बनेर रहोस् जसमा फूल त खूबै फुलून् तर फल नलागोस्, अर्थात् गफ र आश्वासन त प्रशस्त दिओस् तर त्यसको पूर्ति चाहिँ उसले कहिल्यै नगरोस् । फल लागिहाले पनि रुखमा चढ्न अत्यन्त कठिन होस् अर्थात् कसैलाई स्वार्थसिद्ध गर्न बाधा पुर्याओस् । फल फलेपनि त्यो काँचो होस् तर पाकेको जस्तो देखियोस् अर्थात् अरुलाई स्वार्थसाधन गर्न कहिल्यै पनि नदिओस् ।फलामले बनेको छुरा शान लगाएर धारिलो बनाइन्छ अनि छालाको दापमा लुकाएर राखिन्छ । समय आएपछि त्यसले काम तमाम गर्न सक्छ । त्यसै गरी राजाले पनि आफ्नो मनोभाव लुकाएर राखोस् र अनुकूल साधनहरूको संग्रह गरिरहोस् । अनि मौका मिल्नासाथ छुराले झैं निर्दयतापूर्वक शत्रुको काम तमाम गरिदेओस् । अन्तमा कणिकले भने : हे राजन्, हजुरले पनि यही नीतिको अनुसरण अरु मानिसहरूसँग पनि यथोचित व्यवहार गर्दै रहनुहोस् । आफूलाई बचाउनुहोस्, यसका लागि यस्तो नीति कार्यान्वयन गर्नुहोस् जसले गर्दा पछि पछुताउन नपरोस् । यति भनिसकेर कणिक त आफ्ना घर गैहाले । उनका मनमा पाण्डुपुत्रहरूलाई यस्तै उपायले ठेगान लगाउन पाए पनि हुन्थ्यो ।**-साहित्य पोष्ट डटकम**

## सामान्य ज्ञान

**१.** राष्ट्रपति चुरे संरक्षण कार्यक्रम २६ जिल्लामा सञ्चालित छ भने चुरे जलाधार संरक्षण कार्यक्रम कति जिल्लामा सञ्चालित छ ?
**उत्तर :** १३
**२.** राष्ट्रिय आयोजना बैङकको शुभारम्भ कहिले गरिएको हो ?
**उत्तर :** विसं २०७६ माघ २६
(राष्ट्रिय आयोजना बैङक कार्यान्वयनमा आएपश्चात् यसमा समाहित भएका आयोजनाले मात्र बजेटमा प्रवेश पाउने ।)
**३.** प्रस्तावित रानीटार विमानस्थल कुन जिल्लामा पर्छ ?
**उत्तर :** पाँचथर ।
**४.** एकदिने प्रधानमन्त्रीका रूपमा नियुक्त हुने मानवधिकारकर्मी को हुन् ?
**उत्तर :** आभा मुर्तो (फिनल्यान्ड) ।
- जलवायु परिवर्तन एवम् महिला अधिकारका क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्ने मुर्तोलाई फिनल्यान्डकी प्रधानमन्त्री सन्ना मरिनले एकदिने प्रधानमन्त्रीका रूपमा नियुक्त गरेकी ।
- महिला अधिकारको प्रवर्द्धन गर्ने उद्देश्यसाथ उनलाई सो पदमा नियुक्त गरिएको जनाइएको ।
**५.** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठानद्वारा प्रदान गरिएको नास्ट प्रविधि पुरस्कार २०७६ बाट सम्मानित हुने व्यक्तित्व को हुनुहुन्छ ?
**उत्तर :** कुलमान घिसिङ ।
**६** नाइजेरियामा खेतमा काम गरिरहेका सयभन्दा बढी व्यक्तिको घाँटी रेटी वीभत्स हत्या गर्ने आतङ्ककारी समूह कुन हो ?
**उत्तर :** आईएसआएस सम्बद्ध बोको हराम ।
- नाइजेरियाको उत्तर-पूर्वी सहर मैदुगुरी नजिकैको गाउँमा सो समूहले निर्दोष नागरिकलाई नियन्त्रणमा लिई हातखुट्टा बाँधेर वीभत्स तवरले हत्या गरेको ।
- सो हत्या सन् २०२० नोभेम्बर २८ मा भएको ।
**७.** सिस्टर रोबर्ट केसँग सम्बन्धित छ ?
**उत्तर :** कोभिड-१९ लगायत सङ्क्रामक रोगका बिरामीको सहयोग
- बागमती प्रदेशको नेतृत्वमा नेपाल इन्जिनियर्स एसोसिएसनद्वारा निर्मित यो रोबर्ट कोभिड-१९ लगायत रोग सङ्क्रमण भएका एवम् आइसोलेसनमा रहेका बिरामीबाट स्वास्थ्यकर्मीलाई सुरक्षित राख्न प्रयोग गर्न सकिने ।
- रिमोट कन्ट्रोलमार्फत बिरामीलाई औषधि, खाना, खाजा पुर्याउन यो रोबर्ट प्रयोग गर्न सकिने ।
**८.** भाषा आयोगले राष्ट्रपतिसमक्ष बुझाएको आर्थिक वर्ष २०७६/०७७ को प्रतिवेदनअनुसार थपिएका दुई भाषा कुन-कुन हुन् ?
**उत्तर :** मारेक याक्खा र नावा शेर्पा ।
- यसअघि आव २०७५/०७६ को प्रतिवेदनअनुसार थप भएका छ भाषा : १. राना थारू (कैलाली), २. नार फु (मनाङ), ९ चुम (स्यार) गोरखा, ४. नुब्री (लार्के) गोरखा, ५. पोइके (डोल्पा) र ६. सेराके (सेके) मुस्ताङ हुन् ।
**उत्तर :** २०६८ को जनगणनाअनुसार नेपालमा बोलिने भाषाको संख्या १२३ रहेकोमा पछि थप भएका आठसहित हाल जम्मा भाषाको संख्या १३१ पुगेको ।
**१०.** पशुपक्षी एवम् बालीनालीको उत्पादकत्व बढाउने उद्देश्यसाथ व्यावसायिक रूपमा झिँगापालनको सुरुवात कहाँ गरिएको हो ?
**उत्तर :** चितवन ।
**१६.** मन्त्रिपरिषद्को २०७४ असोज २५ को निर्णयअनुसार कति स्थानीय तह पिछडिएको क्षेत्रमा समावेश गरिएको हो ?
**उत्तर :** ५७ ।
- पिछडिएको क्षेत्रमा आठ नगरपालिका र ४९ गाउँपालिका परेका ।
- सबैभन्दा बढी स्थानीय तह पिछडिएको क्षेत्रमा परेको जिल्ला बझाङ (६) हो ।
**१७.** बागमती प्रदेशको पहिलो बालमैत्री नगरपालिका कुन हो ?
**उत्तर :**भीमेश्वर नगरपालिका, दोलखा ।
**१८.** युनेस्कोको सहयोगमा वार्के फाउन्डेसनद्वारा प्रदान गरिने ग्लोबल टिचर प्राइज-२०२० बाट सम्मानित व्यक्तित्व को हुन् ?
**उत्तर :** रणजितसिंह डिस्ले (भारत), पुरस्कार राशि १० लाख अमेरिकी डलर ।

*-साभार : प्रशासन डटकम*

## कविता : मौनहरूका पनि मनका कुरा सुनौं

देख्नमा ईश्वर जस्तै मौन
तर
व्यवहारमा अति नै वाचाल
मौनहरूका पनि मनमा कुरा छन्
उनीहरूकै कुरा पहिले सुनौं

विवेकसिवाय कसैको केही नचाहने
दिन मात्र जान्ने
लिन नमान्ने
आफ्नो स्वतन्त्र अस्तित्वमा जे फल्छ
त्यसैलाई सन्तुष्टि मान्ने

कसैसँग नडग्ने, नझुक्ने
मन दुखाइदिन आइलागे
बाँकी नराख्न पनि नचुक्ने
मौनहरूको मन दुख्ला
ढिलो नगरी
पहिले उनीहरूकै कुरा सुनौं

पहाडहरू मौन छन्
नदीहरू मौन छन्
वनस्पति मौन छन्
पशु, पङ्खी मौन छन्
कीटपत मौन छन्

जून, तारा मौन छन्
आकाश मौन छ
धरती मौन छ
पूरै प्रकृति मौन छ
उनीहरू सबैका मनमा कुरा छन्

सबै एकएक गरेर सुनौं
सुन्न ढिलो गरे
धेरै पहिलेदेखि नै दुख्न थालिसकेको उनीहरूको मन
झन् साह्रो दुख्ला
असह्य भएर मनको बाँध नै टुट्ला
र उनीहरू

अनेकौं आधि र व्याधि बोकेर
विद्रोहमा उत्रलान्
सबैभन्दा पहिले
अब, उनीहरूकै कुरा सुनौं
लामो अवधि कुर्दा पनि

कुनै सुनुवाइ नभएपछि
वाक्क दिक्क भएर मुरमुरिंदै-
पहाडहरू जताततै भत्कन थालेका छन्
भयङकर भयङकर बाढीका लाठा उजाएर
नदीहरू आक्रमणमा उत्रन थालेका छन्

निराश भएर पानीका मुहानहरू लुक्न थालेका छन्
खोलानालाहरू दुर्गन्धको सराप नसुँघाइ नछाड्न विवश भएका छन्
हिउँले हिमाल छाड्न थालेको छ
आफू मात्र मर्यादामा नबस्ने भन्दै
समुनहरू

बिच्कने विन्दुमा पुगेर घुर्क्याउन थालेका छन्
जिजुबाजेले देखेजस्तो उज्यालो जून देख्न
शायद हामीले नै नपाउँला
बाल्यकालमा हामी आफैंले भेटेको शुद्ध पानी भेट्न
अब, हामीलाई नै गाह्रो पर्ला

मौनहरूका कुरा नसुनिदिएकै कारण हामी
वासमतीले दिने बास्ना गुमाउँदै छौं
काउलीले दिने स्वाद गुमाउँदै छौं
त्यसैले त मित्र
आ-आफ्ना कुरा त धेरै सुनियो, सुनाइयो
अब मौनहरूकै कुरा पहिले सुनौं ।

**लेखक : हरि कोर्काली**

*-साभार : साहित्य संग्रह डटकम*

# 'बेस्ट स्टेज प्रोफमर' उपाधि चित्रकारलाई




**पाल्पा,** माघ १८/पालपाली कलाकार किरण चित्रकारले बेस्ट स्टेज प्रोफमरको उपाधि हात पारेका छन् । भारतको राजधानी नयाँ दिल्लीमा भएको 'इन्डो नेपाल सुजन म्यूजिक अवार्ड- २०२४' मा उनले उक्त उपाधि हात पारेका हुन् ।

चित्रकार टप फाइपमा परेका थिए । स्टेजमा राम्रो प्रस्तुती दिएका कारण नै उनी उपाधि हात पार्न सफल भएका हुन् । चित्रकारले नेपाली लोक संस्कृतिको संरक्षणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । लोक संस्कृतिको जर्गेना गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा नेपाल र भारतका दर्जनौं कलाकारको उपस्थिति रहेको थियो । सो अवसरमा अवार्डका विभिन्न विधामा विजेता कलाकारहरुलाई अवार्ड प्रदान गरिएको हो । उक्त कार्यक्रममा लोक दोहोरी गायिका एवम् मोडल रिया रेग्मी अवार्ड विजेता बनेकी छन् । रियाले 'रहरै भो' गीतबाट सर्वोत्कृष्ट नयाँ मोडलको अवार्ड हात पारेकी हुन् । कलाकारिता क्षेत्रमा प्रवेश गरेको २ वर्षमै रियाले यो अवार्ड लगायत धेरै सफलता हात पार्न सफल भएकी छन् । रियालाई वरिस्ठ गायिका शर्मिला गुरुङ र वरिस्ठ गायक इन्द्र जिसीले बेस्ट म्यूजिक भिडियो मोडलको अवार्ड प्रदान गरेका थिए । अवार्ड वितरणपछि विजेताहरुले अझै यस क्षेत्रमा थप लगनशिल हुँदै अगाडि बढने बताए । सुजन म्यूजिक प्रा.लि.की अध्यक्ष जमुना रानाले भारतमा नेपालीहरुको अवार्ड कार्यक्रम दोस्रो पटक आयोजना गरिएको बताइन् । सुजन म्यूजिक प्रा.लि.को आयोजनामा नेपाल र भारतमा रहेका संगीतकर्मीहरुको नेपाली गीत संगीतप्रतिको योगदानलाई सम्मान गर्न यसवर्ष पनि अवार्ड कार्यक्रम भएको हो । अवार्ड कार्यक्रमका लागि मनोनयन फाराम खुल्ला गरेर सम्पूर्ण प्रक्रिया पूरा गरि भोटिङमा धेरै मत प्राप्त गरेका व्यक्तित्वलाई विजयी घोषणा गरिएको थियो । सो अवार्ड कार्यक्रममा विभिन्न ३३ विधामा अवार्ड वितरण गरिएको थियो भने सांगीतिक क्षेत्रमा योगदान दिएका विभिन्न ब्यक्ति र स्रष्टाहरुलाई पनि सम्मान गरिएको छ । अवार्ड कार्यक्रमको नोमिनेशन नेपालमा भएको थियो भने फाइनल कार्यक्रम भारतको नयाँ दिल्लीमा भएको हो ।

## रामपुरका...

...प्रेमबहादुरका अनुसार अहिले स्थानीय होटल तथा रेष्टुरेण्टबाट कफीको माग धेरै आइरहेको छ । गाउँघरमा कफी सेवन गर्नुपर्छ भन्ने आदत बसेको छ । एक पटक खरिद तथा सेवन गरेका ग्राहक पुन:पटक-पटक आउने गर्छन् ।

प्रेमबहादुर वैदेशिक रोजगारीको क्रममा आठ वर्ष कोरियाको कफी कम्पनीमा काम गर्थे । त्यहाँ कफी उत्पादन, प्रशोधन र बजारीकरणको सीप उनले सिके । गुल्मीमा उत्पादन भएको कफी आफू कार्यरत कम्पनीको सञ्चालकले खरिद गरी हिमालयको गिफ्ट नामले प्रशोधन गरी बजारमा बिक्री गरेको देखेका उनी आफ्नै देशमा गर्न सक्ने सम्भावना देखेर गाउँ फर्केपछि व्यवसायमा लागेका हुन् । देशमा उत्पादन भएको कफी विदेशीले महँगो मूल्यमा ब्राण्ड बनाएर बजारमा बिक्री गरिरहेकाले हामीले पनि उत्पादन गर्न सक्छौँ भन्ने विश्वास लागेपछि उनले गुल्मीबाट बीउ ल्याएर खेती सुरू गरेका हुन् । उनी बरमुन अर्मिलो, बरमुन भर्बिलो, गेइसिया जातका कफी खरिद बिक्री गर्छन् । स्थानीय उत्पादन भएकाले ग्राहकले धेरै मन पराएका छन् । बजारीकरणका लागि रामपुर नगरपालिकाले सहजीकरण गरिदिएको प्रेमबहादुरले बताए । युवा जनशक्ति विदेशमा जानुभन्दा आफ्नै गाउँमा बसेर केही व्यवसाय गर्न उनको सुझाव छ । देउला (कफीको कच्चापदार्थ) अर्थात् बोक्रा फालेको कफीको माग धेरै आउने गरेको छ । प्रशोधन गर्न थालेपछि गाउँका किसानले उत्पादन गरेका कफी बिक्री गर्न सजिलो भएको छ । नगरपालिकाले तयार पारेको कोसेली घरमा कफी बिक्रीको व्यवस्था मिलाएको नगरप्रमुख रमणबहादुर थापा बताउन्छन् । 'व्यवसायीलाई हौसला प्रदान गर्दै नगरपालिकाको विभिन्न अनुदान कार्यक्रम, तालिम तथा बजारीकरणमा सहजीकरण गरिरहेका छौं, नगरपालिकामा बाहिरबाट आउने पाहुनालाई स्थानीय उत्पादन उपहारको रूपमा दिन स्थानीय व्यवसायीबाट खरिद गरिदिने गरेका छौं, आयआर्जन बढाउन उत्पादनमूलक क्षेत्रमा नगरपालिकाले लगानी गरिरहेको छ', नगर प्रमुख थापाले भने । कफी व्यवसायलाई प्रवर्द्धन गर्दै यसवर्ष रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रममार्फत ब्याज अनुदान कार्यक्रमका समावेस गरी १० लाख बराबर रकमको ब्याज उपलब्ध गराइने कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताए । व्यवसायका लागि रामपुरस्थित विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋण रकमवापत व्यवसायीले मासिक रूपमा बुझाउनुपर्ने ब्याज तीन/तीन महिनामा दुई वर्षसम्म खातामा उपलब्ध गराइने उनको भनाइ छ ।






खेलकुद समाचार

## पुलिस क्लब र एपीएफ क्लब फाइनलमा



**काठमाडौं,** माघ १८/टाइगर कप राष्ट्रिय तथा अन्तराष्ट्रिय क्लब च्याम्पियनशिपको पुरुषतर्फ नेपला पुलिस क्लब र महिलातर्फ सशस्त्र प्रहरीको एपीफ क्लब फाइनलमा प्रवेश गरेका छन् । पोखरा रङ्गशालाको भलिबल कोर्टमा पुरुषतर्फ पुलिसले आर्मीलाई ३-२ को सेटमा हराउँदै फाइनलमा प्रवेश गरेको हो ।

पहिलो सेट पुलिसले २५-१४ ले जितेको थियो । दोश्रो सेटमा आर्मी २५-२२ ले विजयी भयो । यस्तै तेश्रो सेटमा फेरि पुलिसले २५-२२ ले जित्यो । चौथो सेटमा आर्मीले २५-२३ ले जित्यो । पाँचौ तथा अन्तिम सेटमा पुलिसले आर्मीलाई १५-१२ ले हरायो । पराजित भएको आर्मीले अब दोश्रो क्वालिफायरमा अहिले भइरहेको सुनिल भलिबल क्लब र गण्डकी प्रदेश भलिबल क्लबको विजता टोलीसँग खेल्नेछ । अहिले पुरुषतर्फको इलिमिनेटरमा भारतको सुनिल भलिबल क्लब र गण्डकी प्रदेश भलिबल क्लबबीच खेल भइरहेको छ । यसैगरी महिलातर्फ आयोजक टाइगर ग्रुपलाई पराजित गर्दै सशस्त्र प्रहरी बलको एपीएफ क्लब फाइनलमा प्रवेश गरेको छ । एपीएफले टाइगर ग्रुपलाई ३-१ को सटेमा पराजित गऱ्यो । पहिलो सेट २५-२० ले जितेको एपीएफ दोस्रो सेट २१-२५ ले हारेको थियो । यस्तै एपीएफले तेस्रो सेट २५-१९ र चौथो सेट २६-२४ ले जित निकाल्दै फाइनल पुगेको हो । अब पराजित भएको टाइगर ग्रुपले आज (शनिबार) न्यू डायमण्ड स्पोर्ट्स क्लबसँग दोश्रो इलिमिनेटर खेल्नेछ । दोश्रो इलिमिनेटरको विजेता फाइनलमा प्रवेश गर्नेछ । टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा भइरहेको प्रतियोगिता भोलि आइतबारसम्म चल्नेछ ।

अर्थ /कर्पोरेट समाचार

## सुनको मूल्य एकैदिन २३ सयले बढ्यो



**काठमाडौं,** माघ १८/शुक्रबार एकैदिन सुनको भाउ तोलामा २३ सय रुपैयाँ बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले यस दिनका लागि मूल्य प्रतितोला १ लाख ६२ हजार ८ सय रुपैयाँ तोकेको छ । अघिल्लो दिन १ लाख ६० हजार ५ सय रुपैयाँ पुगेको थियो । अमेरिकी अर्थतन्त्रको वृद्धिदर सुस्त देखिएपछि अन्तर्राष्ट्रिय बजारमै सुनको मूल्य उच्च दरले बढेको छ । यो प्रभाव शुक्रबार नेपाली बजारमा देखिएको हो । त्यस्तै चाँदीको भाउ तोलामा ३० रुपैयाँ बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघले शुक्रबार का लागि मूल्य प्रतितोला १९१५ रुपैयाँ तोकेको छ । अघिल्लो दिन १८८५ रुपैयाँ थियो ।

## कर्मचारी आवश्यकता

नवजनचेतना दैनिकका लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**१. पद :** लेखापाल, संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण वा स्नातक अध्ययन गरेको

**२.पद :** कम्प्युटर अपरेटर
संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण (फोटोसफ, पेजमेकर, इनडिजाइन तथा कम्प्युटरमा दक्षलाई विशेष प्राथमिकता)

**३.पद :** बजार प्रतिनिधि
संख्या : केही
योग्यता : +२ उत्तीर्ण
तलव : नियम अनुसार
आवेदन दिने अन्तिम मिति : २०८१/१०/२० गते सम्म ।
आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।
(बाइक, स्कुटीको लाइसेन्स भएका तथा अनुभवीलाई प्राथमिकता)

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com


## हार्दिक बधाई तथा शुभकामना



विवेक काजी शाक्य


हाम्रा शुभेच्छुक, मित्र, सामाजिक व्यक्तित्व, युवा व्यवसायी **विवेक काजी शाक्य पाल्पा जेसीज**को वर्ष २०२५ का लागि **अध्यक्ष** जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँसहित हाम्रा शुभेच्छुकहरु विजय कार्की, सुनिल चापागाई कार्यकारिणी उपाध्यक्ष, गणेश पन्थी महासचिव, सतिशराज शाक्य कोषाध्यक्ष, उपाध्यक्षहरुमा कला दाहाल, बिक्रम सिंह, सुमन बस्याल, करन चित्रकार, सचिवमा प्रकाश कार्की, कानुनी सल्लाहाकारमा महेश खनाल, जनसम्पर्क अधिकारीमा दुष्यान्त भण्डारी, सह कोषाध्यक्षमा दिपेन्द्र बराल, तालिम संयोजक सुनिल पंगेनी, प्रकरण निर्देशक निजमदिन मियाँ र शाखा सम्पादकमा बालकृष्ण बस्याल निर्विरोध निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** तथा सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

**तारा प्रसाद खनाल**
**शाखा प्रमुख**
एवं
**सिद्धार्थ प्रिमियर इन्स्योरेन्स पाल्पा शाखा परिवार**


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई